# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 9842880649

प.सं.:२०८२/०८३
च.नं.:

**विषयः लागत अनुमान तयार गर्ने प्रयोजनका लागि दररेट उपलब्ध गराई दिने बारे।**
**(सूचना प्रकाशित मितिः२०८२।११।०४ गते)**

प्रस्तुत विषयमा यस धनगढीमाई नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा चालु आ.व.२०८२।०८३ मा विपद् समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन गर्न आवश्यक परेको हुँदा सम्बन्धित विषयमा कारोबार गर्ने इच्छुक फर्म/कम्पनी/संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व.२०८।०८३ बमोजिमको कार्य गर्नका लागि तपसिल बमोजिमको कागजातहरुसहित न्यूनतम दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समयभित्र प्राप्त नभएका दररेटहरु स्वीकार गरिने छैन। प्राप्त दररेट इस्टिमेट प्रयोजनका लागि मात्र प्रयोग गरिने व्यहोरा समेत जानकारी गराईन्छ। साथै सो कार्य सम्बन्धि विवरण सहितको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व.२०८।०८३ को प्रमाणित प्रतिलिपी यसै सूचना साथ संलग्न राखिएको छ।

**तपसिलः**

१. फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

२. स्थायी लेखा नं./मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

३. आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिती।

रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| अद्यावधिक, पुस्तकालय व्यवस्थापन, कक्षा ११-१२ का लागि कक्षाकोठा फर्निचर व्यवस्थापन एवम् गुणस्तर अभिवृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण, कक्षा ११- १२ मा विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन) लगायतका कार्यक्रममा खर्च गर्ने ।<br><br>ङ) **शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान :**यस क्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहले केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा रहेको वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि,२०७६ मा उल्लेखित अनुदान प्राप्तगर्ने सर्त पूरा गरी छनोट भएका विद्यालयलाई देहायका आधारमा भाद्र मसान्तभित्र अनुदान उपलब्ध गराउने,<br>क) अनुदान लिने विद्यालयसँग करार सम्झौता गर्ने,<br>ख) छनोटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौताअनुसार कार्य सम्पादन गर्ने सर्तमा प्रति विद्यालय **वार्षिक एकमुष्ट रू. १० लाख** अनुदानको रकम निकासा गर्ने,<br>ग) विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित सर्तअनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगति केन्द्रमा पठाउने,<br>घ) अनुदान पाउने विद्यालयलाई स्थानीय तहले दरबन्दी मिलान गर्दा दरबन्दी वा राहत अनुदान कोटा नदिने । अनुदान रकम दिंदा यसपूर्व कुनै प्रकारको दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेको सुनिश्चित गरी मात्र निकासा दिने,<br>ङ) विगतमा दरबन्दी मिलानको क्रममा यस प्रकारको विद्यालयमा दरबन्दी/राहत अनुदान उपलब्ध गराएको भए यस शीर्षकबाट दिइने उक्त अनुदान कट्टा गरी सोही स्थानीय तहको अन्यत्र एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन कार्यविधि, २०७६ बमोजिमका सर्त पुरा गरेका विद्यालयलाई उपलब्ध गराई सोको जानकारी यस केन्द्रको शिक्षक व्यवस्थापन समन्वय शाखालाई दिने,<br>च) सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने विद्यालयलाई मात्र अनुदान उपलब्ध गराउने,<br>छ) यस प्रकारका विद्यालय सञ्चालनका लागि आवश्यकताका आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट थप रकम उपलब्ध गराउन सक्नेछ,<br>ज) परम्परागत विद्यालयलाई छुट्टै अनुदानको व्यवस्था भएकाले यस क्रियाकलाप बमोजिमको रकम नदिने,<br>झ) एकमुष्ट अनुदान प्राप्त विद्यालयलाई यस अनुदानका अतिरिक्त अन्य सामुदायिक विद्यालय सरह दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति अनुदान मात्र उपलब्ध गराउने । | | |
| च) **विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन**<br>क. कोभिड-१९ तथा अन्य विभिन्न कारणबाट पुगको शैक्षिक क्षतिको कम गरी सिकाइ निरन्तरताका लागि स्थानीय तह तथा विद्यालयले देहाय बमोजिमका कार्य सम्पन्न गर्ने र प्रगति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनेः<br>**स्थानीय तह**<br>क) स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेका सामग्रीको स्थानीयस्तरका सरोकारवाला, स्थानीय जनप्रतिनिधि, स्थानीयस्तरमा कार्यरत सङ्घसंस्थाहरूका लागि अभिमुखीकरण सञ्चालन गर्ने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | सञ्चालित अतिरिक्त सिकाइ (Additional class), उपचारात्मक कक्षा (Remedial Learning) का लागि अभ्यास |



नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा मधेश प्रदेश नेपाल



रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ख) स्थानीय तहमा उपलब्ध बजेटलाई स्थानीय तहमा सञ्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा बजेट छुट्याई बाँकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सञ्चालन पहिलो र अन्तिम, सिकाइ आपूरण र द्रुत सिकाइका कार्यक्रम सञ्चालनको बजेट बाँडफाँडसहित कार्यक्रम कार्यान्वयनको आधार समेत विद्यालयलाई उपलब्ध गराउने,<br>ग) विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने,<br>घ) स्थानीय योजना (गाँउ/नगर शिक्षा योजना) मा ReAL Plan कार्यान्वयनका विषयवस्तु समावेश गर्ने,<br>ङ) ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने,<br>च) स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिमा उल्लेखित उदेश्यमा प्रतिकूल नहुने गरी थप आधार तयार गर्न सक्ने छन् ।<br>**विद्यालय**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको प्रयोग गरी ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरूमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालय स्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने,<br>ख) कमजोर र तोकिएको सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीका लागि उपचारात्मक शिक्षणका लागि विषयवस्तु छनोट/ उपयुक्त रणनीतिको अवलम्वन गर्ने,<br>ग) विद्यालयले आवश्यकताका आधारमा शिक्षक विद्यार्थी सञ्जालको विकास, Teaching at right level-TaRL विधिका आधारमा शिक्षण, सिकाइ चौतारी (Learning portal) को प्रयोग, विद्यालय शिक्षण अवधि विस्तार, टोल सिकाइ सञ्चालन, स्वयंसेवक तथा बैकल्पिक शिक्षक व्यवस्थापन, सिकाइ आपूरणका लागि कार्यमूलक अनुसन्धान सञ्चालन, स्वाध्ययन सामग्रीको विकास तथा प्रयोग, अभिभावक शिक्षा सञ्चालन, गृह विद्यालय सञ्चालन, मातृभाषामा शिक्षण, सिकाइका लागि अभिभावक परिचालन, परियोजना तथा समुदायमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन, शिक्षण स्रोत सामग्रीको प्रयोग, साथी समूह सिकाइ, दिदीबहिनी/दाजुभाइ सिकाइ, विद्यार्थी स्व–मूल्याङ्कन, श्रव्यदृश्य सामग्रीको प्रयोग, विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन जस्ता रणनीतिमध्येबाट छनोट गरी कार्यान्वयन गर्ने,<br>घ) विद्यालयको शैक्षिक योजनामा सिकाइ आपूरण, सिकाइ रणनीति तथा प्रयोगलाई समावेश गरी अद्यावधिक गर्ने,<br>ङ) सामुदायिक विद्यालयले ReAL Plan कार्यान्वयनका लागि सम्पर्क शिक्षक (Focal Teacher) तोकी कार्यक्रम सञ्चालन, प्रतिवेदन र रिपोर्टिङको व्यवस्था गर्ने, गराउने,<br>च) यस कार्यक्रमबाट शिक्षकको क्षमता विकास, विद्यालयमा निदानात्मक परीक्षण साधनको छपाइ तथा प्रयोगका लागि विद्यालयलाई अनुदान, कार्यक्रमको अनुगमन तथा प्रतिवेदन जस्ता क्षेत्रमा बजेट बाँडफाँड गरी कार्यान्वयन गर्ने,<br>छ) सिकाइ आपूरणसँग सम्वन्धित कार्यका लागि स्थानीय तहले थप स्रोतको प्रबन्ध गर्न तथा स्थानीय तहका सरकारी एवम् गैरसरकारी निकाय सँग समन्वय सहकार्य गर्न सक्ने । | | कक्षा (Tutorial class) सख्या, थप सिकाइका लागि विकास भएका सामग्री सङ्ख्या, सञ्चालनमा रहेका अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सङ्ख्या |

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा मधेश प्रदेश नेपाल

रणजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत